वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, सिटल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्कहोस ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १६० ○श्रेणी 'क' ○२०७२ चैत्र २ गते मंगलबार ○ 15 March 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

सुरुवाती एजेण्डामै सार्कका विदेशमन्त्रीस्तरीय बैठक केन्द्रित

पोखरा मिनी शिखर सम्मेलन आरम्भ, बिहीबार मन्त्रीस्तरीय बैठक

गोल्डेन न्यूज संवाददाता
पोखरा १ चैत्र ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को मिनी सम्मेलन सोमबारदेखि पोखरामा सुरु भएको छ । आफ्नो स्थापनाको तीन दशकपछि सार्कलाई गति दिने भन्दै दुई वर्षमा एक शिखर सम्मेलन गर्ने नीति १८ औं शिखर सम्मेलनले लिएको थियो । त्यसको एक वर्षपछि मिनी सम्मेलन सुरु भएको हो । शिखर सम्मेलनपछिको मध्यावधि समिक्षा गर्न सबै सदस्य मुलुकलाई सहमत गराएर सार्कको वर्तमान अध्यक्ष नेपालले यो सम्मेलन आयोजना गरेको हो । पोखरामा भारत लिन अन्य सात मुलुकका अधिकारीहरु आउने क्रम जारी छ । कतिपय हवाई मार्गबाट पोखरा गएका छन भने कतिपय राजधानीमा आई सडक मार्गबाट पोखरा गइरहेका छन् ।

'हामी दक्षिण एसियाली ही भन्ने बाहेक खासै उपलब्धी हात पार्न नसकेको सार्कको यो विदेशमन्त्री स्तरीय अर्थात इन्टर समिटले गत शिखर सम्मेलनमा भएका प्रतिबद्धता कहाँ पुगे भन्नेमा नै छलफल गर्ने हो,' मन्त्रालयका अधिकारीहरुले बताए । यसपटक सार्क किन अघि बढ्न सकेन भन्नेमा पनि सदस्य राष्ट्रहरुले आ-आफ्नो धारणा राख्नेछन् । जुन ऊर्जासँको साथ १८ औं शिखर सम्मेलन काठमाडौंमा सम्पन्न भएको थियो, त्यो अनुरुपको काम हुन नसकेको गुनासो अधिकारीहरु बताउछन् ।

ती अधिकारका अनुसार सार्कको सामुन्ने यतिबेला देखाउन सकिने र मिल्ने कुनै 'उल्लेखनीय उपलब्धि' छैन् । विश्वका रहेका सयौं अन्तर सरकारी स्तरको क्षेत्रीय संगठनमा सार्क एक असफल संस्थाको रुपमा चित्रण हुँदै गएको अवस्थामा यसको कार्यान्वयन पक्षमा जुन सबै लाग्नुपर्ने विज्ञहरुको सुझाव छ । जुन उद्देश्यका निम्ति सार्क स्थापित थियो त्यो उद्देश्यमा वर्त्ति अघि बढेको छ त्यसको समिक्षा विदेशमन्त्री स्तरीय बैठकमा हुन जरुरी छ । सार्क महाशाखा प्रमुख तथा कार्यक्रम समितिका अध्यक्ष मणि भट्टराईभन्छन्, 'यसअघि भएका प्रतिबद्धता अनुरुपको कामलाई कसरी अघि बढाउने भन्ने विषयमा नै छलफल केन्द्रित छ । विभिन्न प्रतिवेदन पेस हुने र आगामी दिनमा गर्नपर्ने कार्यहरुको तालिका तय गर्ने । शिखर सम्मेलनको टुंगो लगाउने । अघि बढाउने भनिएका कार्यक्रम किन बेढन भन्नेमा छलफल गर्ने हो ।'

सार्कको गतिविधि प्राय: शिखर

सम्मेलनमा मात्र देखिने भनिरहेको अवस्थामा यो बैठकले बीचमा समिक्षा गर्ने गर्छ । सार्क स्थापनामा सक्रिय भूमिका निर्वाह गरेको नेपाल अध्यक्ष रहेको अवस्थामा केही गरी भन्ने भावनाले अघि बढेको भनिए पनि मुलुकको आन्तरिक कारणले पनि प्रभावित गर्दै आएको थियो । सार्कको मुख्यालय काठमाडौंमा छ भने नेपाल अध्यक्ष रहँदै अवस्थामा सार्कको महासचिव पनि नेपालबाट छन् । यो समयमा धेरै काम गर्न सकिने थियो, तर काम अघिबढ्न नसकेको छैन भन्नेमा परराष्ट्र अधिकारीहरु बताउछन् । १८ औं शिखर सम्मेलनपछि के भयो भनेर खोज्ने हो भने समिक्षा गर्ने विषय छैन तर पनि राम्रो पनै भएकोले सरकारले यो बैठक राखेको हो, एक अधिकारीले बताए ।

हरेक शिखर सम्मेलनका प्रतिबद्धता घोषणापत्रका रुपमा बाहिर आउछ त्यसको हरेक लाइन पढ्ने हो भने सार्क निकै माथि गएको र विश्वकै उत्कृष्ट संगठन जस्तो देखिन्छ जुन व्यवहारमा छैन । गतवर्षको शिखर सम्मेलनमा ३६ बुँदे घोषणापत्र जारी भए तर त्यसको कार्यान्वयनको प्रक्रिया समेत अघि बढ्न सकेको छैन । सार्कमा निर्णय हुने तर कार्यान्वयनमा नआउने पुरानो परिपाटीलाई यो भिनि शिखर सम्मेलनले चिर्ने दावी परराष्ट्र अधिकारीहरुको छ । 'अब सार्क घर्षिन, रीढिच्छ,' सार्क हेर्ने एक अधिकारीले भने, विहिवार हुने मन्त्री स्तरीय बैठकले आगामी यात्राको आधारहरु तय गर्नेछ ।'

सार्कलाई आसियना र यूरोपेली महासंघसंग स्तरमा पुग्ने लक्ष्य लिइएको पछिल्लो घोषणापत्रले देखाउछ तर कार्यान्वयन नहुदा त्यस्तो देखिदैन । पर्यवेक्षकको भूमिका स्पष्ट नहुनु, लगानी केमा गराउने भन्नेमा सदस्य राष्ट्र बीच तालमेल नहुनु पनि समस्या हो । विश्वमा अघि बढिसकेका संगठनहरु भन्दा पनि मजबुद आधार प्रतिबद्धता लिएर अघि बढेको सार्कमा हालसम्म एक हजार भन्दा बढी समान प्रकृतिका मुद्दामा आधारित सामुहिक प्रतिबद्धता जारी भए पनि त्यसमा सफलता मिलेको छैन । सन १९८३ मा नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, मालिदिभ्स र भुटान रहेकामा ९ वर्षअघि अफगानिस्तान थपिएको हो । यसमा आठ सदस्यसँगै नौ पर्यवेक्षकमा चीन, अमेरिका, अस्ट्रेलिया, जापान, दक्षिण कोरिया, मौरिसस, इरान, म्यानमार र इयू छन् । सार्क विकास बैंकको उपयोगिता हुन नसक्नु, खुलेका केन्द्रहरु बन्द र गाम्ने काम गर्दै साधुरियाउनु, केन्द्र तथा अन्य कार्यालय राख्ने सदस्य मुलुकबीच प्रतिशपर्धा हुनुले पनि यसको खोज्ने हो भने समिक्षा गर्ने विषय छैन तर पनि राम्रो पनै भएकोले सरकारले यो बैठक राखेको हो, एक अधिकारीले बताए ।

पहिलो दिन धार प्रतिवेदन

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को इन्टर समिटमा विभिन्न विषयगत चार प्रतिवेदनहरु प्रस्तुत भएका छन् । सदस्य राष्ट्रका सार्क मामिला हेर्ने सहसचिवस्तरको कार्यक्रम समितिको बैठकमा सार्क सहसचिवस्तरको कार्यक्रम समितिको बैठकमा सार्क अर्विटशन काउन्सील र रीजनल स्टायन्डर्ड अर्गानाइजेशनको कार्यक्रम प्रतिवेदन प्रस्तुत भएका हुन । बैठकको अध्यक्षता गरिरहेका सहसचिव मणि भट्टराइले पहिलो चरणमा पेश भएका चार एजेण्डामा छलफल आरम्भ भएपनि सबैसम्म निर्णयहरू भइनसकेको बताए । 'यसअघिको २१औं कार्यक्रममा समितिले गरेको बैठकको निर्णयको समीक्षा गर्दै कार्यान्वयन भए नभएको विषयमा छलफल भयो,' उनले भने,-'प्रस्तुत एजेण्डाहरूमा सर्वसम्मत निर्णय भइ सकेको छैन ।' सार्क मुलुकअन्तर्गत शिक्षा, व्यापार, मध्यस्थता र क्षेत्रीय सहयोग आदानप्रदानका लागि संगठनहरू बीचको सहकार्य बारे आएका प्रतिवेदनमाथि छलफल थालिएको छ । सार्क युवाचार्टर लगायतको विषयमा छलफलअघि बढेको छ । उनका अनुसार सोमबार प्रस्तुत विषयहरूबारे सहसचिवस्तरीय बैठक मंगलबार पनि हुनेछ । मंगलबार पनि विविध विषयमा छलफल भएर प्रतिवेदन बनाउने र बुधबार हुने स्थायी समितिको बैठकमा पेश गरिने भइसकेको बताए । अन्तिम दिन बिहीबार विदेश मन्त्रीस्तरीय बैठक भएर कार्यक्रम सकिनेछ ।

सूचना समन्वय अभाव

मिनी सार्क बैठकको सूचना दिनका लागि यहाँ बैठकस्थलमा सूचना केन्द्र राखिएको छैन । बैठक सुरू भएको होटल ग्राण्डमा कडा सुरक्षाबीच सोमबार अधिकारीहरू ले विहान १० बजे पक्काराताई तस्विर खिच्नका लागि ३ मिनेटमात्रै प्रवेश गर्न दिए । यसैगरि बैठकमा छलफल भएको विषयबारे जानकारी दिन साँझ ५ बजे बोलाएर सहसचिव भट्टराईले ३ मिनेटमा आफ्ना भनाई सिध्याए । 'पहुनालाई समय दिन दिँदा मयो भन्दै उनले सञ्चारकर्मी संग दोहोरो सवालजवाफको मौका दिएनन् । पोखरा सम्मेलनमा कुनै पैसे नोट वितरण गरिएन । सहभागीका नामावली पनि वितरण गरिएकी छैन् ।

यसैबीच राजधानी बाहिर पहिलो पटक पोखरामा आयोजना गरिएको सार्क विदेशमन्त्रीस्तरीय बैठकको लागि सडक मर्मत, सजावट, स्वागतद्वार निर्माण, सरसफाई, वृक्षारोपण लगायतका काम गरियो । हतार-हतारमा बाटो चक्क्यानउनेदेखि होडिङबोर्ड हटाउने,

बाँकी ३ पृष्ठमा.....

देउवालाई सुविधाजनक बहुमत

६४ मध्ये ३६ केन्द्रीय सदस्य देउवा प्यानलका

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १ चैत्र ।

कांग्रेस सभापति शेरबहादुर देउवालाई केन्द्रीय कार्यसमितिमा सुविधाजनक बहुमत प्राप्तको छ । ६४ सदस्यीय केन्द्रीय कार्यसमिति मध्ये सोमबार सम्पन्न मत परिणामले पदाधिकारी सहित निर्वाचित ६४ सदस्यमा सभापतिसहित ३६ देउवा पक्षका निर्वाचित भएका छन् । महामन्त्री, कोषाध्यक्ष सहित २८ सदस्य पौडेल प्यानलबाट निर्वाचित भएका छन् ।

निर्वाचित संख्यामा नै बहुमत पुगेपछि सभापति देउवालाई पार्टी संचालनमा सहज हुने देखिएको छ । पार्टीको विधानअनुसार देउवाले २१ केन्द्रीय सदस्य मनोनयन गर्न पाउने छन् । देउवाले पहिलो चरणमा आफ्नुसरी प्रतिस्पर्धा गर्नेका तत्कालिन पार्टी कार्यवाहक सभापति रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, महामन्त्रीका प्रतिस्पर्धी अर्जुननरसिंह केसी, गगन थापा, कोषाध्यक्षका प्रतिस्पर्धीद्वय चिरालेखा यादव र उमाकान्त चौधरीलाई मनोनयन गर्ने तयारी थालेका छन् । त्यसपछि मात्रै पदाधिकारी र अन्य सदस्यहरुको मनोनयन प्रकृया अघि बढाउने देउवा निकट स्रोतले बताये ।

फागुन २० देखि राजधानीमा सुरु भएको केन्द्रीय महाधिवेशनले केन्द्रीय कार्यसमितिमा अधिकांश

पुराने अनुहारलाई निर्वाचित गरेको छ । महाधिवेशन फागुन २० देखि २४ मा सकिएपनि भर्फाटोलो मत गणनाका कारण परिणाम आउन एक साता लागेको हो । कांग्रेसको स्थानीय तहको अधिवेशन भने माघ १५ देखिने सुरु भएको थियो । ४ लाख ७० हजार कांग्रेस का क्रियाशील सदस्यमाझबाट केन्द्रीय नेतृत्व चुनिएको हो । खुला २५ मा केन्द्रीय कार्यसमितिमा नमपरका रमेश लेखक र विश्वकुमार शर्मामात्रै निर्वाचित भएका छन् । शर्मा नेविसंघको पूर्व अध्यक्ष हन । तत्कालिन सभापति सुशील कोइरालाले नेविसंघका पूर्व अध्यक्षहरुलाई केन्द्रीय कार्यसमितिमा मनोनयन गर्दा शर्मा परेका थिएनन् । लेखक पूर्व मन्त्री र सांसद भएपनि केन्द्रीय कार्यसमितिमा यो उनको पहिलो प्रवेश हो । उनी १२ औं महाधिवेशनमा अंचलबाट पराजित भएका थिए । यसपटक खुला २५ मा लेखकले नबी स्थानमा आफूलाई उभ्याएका छन् । विद्यार्थी नेताको रुपमा चर्चित शर्मा १४ औं स्थानमा विजयी भएका छन् । यी बाहेक खुला २४ मा आउने सबै केन्द्रीय सदस्यहरु नै छन् । १२ औं महाधिवेशनमा केन्द्रीय सदस्यमा पराजित प्रदिप पौडेल यसपटक भने छैठौं स्थानमा निर्वाचित भएका छन् । पौडेललाई तत्कालिन सभापति कोइरालाले नेविसंघका पूर्व अध्यक्षको हैसियतमा मनोनयन गरेका थिए ।

यसअघि केन्द्रीय सदस्य नरहेका प्रदेशबाट वीरबहादुर बलायर, देवेन्द्रराज कंडेल, महिला आरक्षण ६ पदमा डिला संगीला,

बाँकी अन्तिम पृष्ठमा.....

कांग्रेसका चर्चित नेताहरु पराजित

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १ चैत्र ।

नेपाली कांग्रेसको खुला केन्द्रीय सदस्यको निर्वाचनमा उम्मेदवार बनेका पाटीका हस्तीहरू पराजित भएका छन् । पार्टीको १३ औं महाधिवेशन अन्तर्गत नयां नेतृत्वका लागि भएको २५ खुला केन्द्रीय सदस्यको निर्वाचनमा १० जनाले उम्मेदवारी दिएका थिए ।

खुला सदस्यको सोमबार सार्वजनिक मतगणनाअनुसार पद्मनारायण चौधरी एक हजार ३०४, लक्ष्मणप्रसाद घिमिरे ४४५, गोविन्दराज जोशी एक हजार १११, चिरञ्जीवी बान्ने ७४६, विनयध्वज चन्द ४४३, तारानाथ रानाभाट ९४०, मनमोहन भट्टराई एक हजार १६२, सूर्यमान गुरुङ ६८५, अशोक कोइराला एक हजार १२५, रामकृष्ण ताम्राकार ६६५, लक्ष्मणबहादुर बस्नेत ७४७ मतसहित पराजित भएका छन् । पद्मनारायण चौधरी एक हजार ३०४ मतसहित २५औं नम्बरमा परेर पराजित भए भने २५ औं नम्बरमा विजयी भएका डा. मीनेन्द्र रिजालले एक हजार ४२० मत प्राप्त गरेका छन् ।

त्यस्तै पार्टीका युवा हस्तीहरू उदयशम्शेर राणा एक हजार ३०२, गिरिछिरिङ लामा एक हजार २८०, पुष्करराज ओझा ७१४, रामहरि खतिवडा एक हजार, शोभाकर पराजुली ६०५, ध्रुव वाग्ले ८६६, पुष्पराज पराजुली ५६८, बालकृष्ण दाहाल ३२७, मित्रसेन दाहाल ५८३, मोहन ज्वाली ६८६, महेन्द्र कुमार शर्मा ६४६, टेकराज पौडेल ४६९ मतसहित पराजित भए ।

विजयी सदस्यहरूमध्ये दुईजना रमेश लेखक र विश्वप्रकाश शर्मा केन्द्रीय समितिमा नयां अनुहार हुन् भने बाँकी सबै यसअघिको केन्द्रीय समितिका सदस्य हुन ।

सुजाता एक मात्र विजयी महिला उम्मेदवार : पच्चीस खुला सदस्यमा सुजाता कोइराला एक मात्र महिला उम्मेदवार विजयी भइन् भने अर्का महिला उम्मेदवार डिला महालक्ष्मी उपाध्याय एक हजार २४९ मत प्राप्त भएपनि पराजित भइन् । यही फागुन २३ गते पदाधिकारीसहित ६४ सदस्यका लागि भएको निर्वाचनको अब प्रदेश केन्द्रीय सदस्यको मात्र मत परिणाम आउन बाँकी छ । सो पदको सोमबार साँझसम्म मत परिणाम आइसके पार्टीको केन्द्रीय निर्वाचन समितिका सदस्य गोपालकृष्ण घिमिरेले जानकारी दिए ।

बृद्धिजीवी नेताहरूसमेत पराजित

कांग्रेसको खुला सदस्यमा प्रतिस्पर्धा गरेका केही बृद्धिजीवी नेताहरूसमेत पराजित भएका छन् । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल एक हजार ९६, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तारानाथ दाहाल ४४८, नेपाल बार एशोसिएशनका पूर्व अध्यक्ष पं मनबहादुर खड्का २०४, पूर्वराजदूत डा. सुरेशचन्द्र चालिसे २१०, पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव सुशील नाहटा २५५ मत प्राप्त गरी पराजित भएका छन् ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा सम्पन्न उक्त मतगणना अनुसार खुला २५ केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएकामध्ये डा. शेखर कोइरालाले सबैभन्दा बढी एक हजार ८४८ मत त्याई विजयी भएका छन् ।

त्यस्तै झमबहादुर खड्का एक हजार ८४६ मतसहित दोस्रो स्थानमा विजयी भएका छन् । फागुन २३ देखि २३ गतेसम्म काठमाडौंमा सम्पन्न कांग्रेसको १३औं महाधिवेशनमा नयां नेतृत्वका लागि भएको निर्वाचनमा कुल तीन हजार १६१ मतमध्ये तीन हजार १४८ मत खसेको थियो । तीन पदाधिकारी र २१ समावेशी केन्द्रीय सदस्यको मत परिणाम भने यसअघि नै सार्वजनिक भइसकेको छ ।

व्यापार मेलामा पाँच करोडको कारोबार

गोल्डेन न्यूज संवाददाता
पोखरा १ चैत्र ।

राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२ को सोमबार औपचारिक समापन भएको छ । मेला गत फागुन २१ गतेबाट सुरु भएको थियो । पोखरा उद्योगवाणिज्य संघद्वारा आयोजित मेलामा करिब १ लाख ५० हजार दर्शकले अवलोकन गरे भने ५ करोडको कारोबार भएको महासचिव धुजुले जानकारी दिए ।

मेलाको समापन अवसरमा बोल्दै पश्चिमाञ्चलका क्षेत्रीय प्रशासक शकरप्रसाद कोइरालाले कैता र विक्रेतालाई एउटै थलोमा उभ्याउन तथा आर्थिक गतिविधि चलायमान बनाउन मेला सफल भएको बताए । मेला र

महोत्सवहरुमा सोही क्षेत्रको उत्पादनहरुलाई केन्द्रमा राखेर गतिविधि बढाउनुपर्नेमा उनले जोड दिए । उनले भने-'यस क्षेत्रमा आउने पर्यटकहरुलाई सकेसम्म यही क्षेत्रको कृषि र औद्योगिक उत्पादन प्रयोग गराउ सक्नुपर्छ, यसो गर्दा यहाँको पैसा यहीं रहन्छ ।'

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले सबैको सहयोगले मेला सफल भएको बताए । शनले मेला आर्थिक गतिविधि चलायमान बनाउन सहयोगी बनेको धारणा राखे । मेला सफल बनाउन

बाँकी अन्तिम पृष्ठमा.....

सुन्दर हेयर एण्ड ब्युटी
हामीबाट लेटिइ एण्ड जेनको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension सहित साथै ब्राण्डेड ग्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेजी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ५८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मै किन ?
• तपाईले खोजेका फ्रेन्चिन मुगलरीय ढाचाका कपडाहरुका लागि,
• तपाईले मनेको समयमा आकर्षक एवम् मुगलरीय सिलाईका लागि,
• आकर्षक तथा आधुनिक डिजाइनका लागि,
• आकर्षक कोटका लागि मुगलरीय पेस्टिड मेडिल प्रयोग गरिने,
• बढीको माया, सदभाव र विश्वासको सिरलस्तको लागि,
• अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हाम्रो संस्थाले सधैं बबिन टेलरिङ्गलाई सिलाई दिनुहुन्छ
बबिन टेलरिङ्ग सट्टिङ्ग एण्ड सुटिङ्ग
द्वारकाधीश, बेसी नगरपालिका, पोखरा (माछापोखरी चौक)
फोन: ०६१-५२०५२०
DIGANA Ashwin OCM Bulli

■ मानिस ठूलो दिलले हुन्छ जातले हुदैन ।

- महाकवि लक्ष्मीप्रसाद देवकोटा

सम्पादकीय ...

प्रविधिमा ध्यान पुऱ्याउ

हालै सम्पन्न १३औं महाधिवेशनबाट कांग्रेस सभापतिमा शेरबहादुर देउवा निर्वाचित भए । महामन्त्री र कोषाध्यक्ष र खुल्ला केन्द्रीय सदस्यहरुको पनि मतगणना सकिएर नेतृत्व आइसकेको छ । केन्द्रीय सदस्य तर्फको मतगणना सकिन एकासाठा बढी लाग्यो । २५ खुला सदस्यका लागि ९० जना र समावेशी तर्फको उमेदवार सहित गरेर ३ सय ५० जना भन्दा धेरै उम्मेदवार भएको कारण मतगणनामा झण्झट भएको बुझिएको छ । यता केही वर्ष देखि नेपालकै निर्वाचन आयोगले विद्युतीय मतदान मेसिन प्रयोगमा ल्याएको छ । पहिलो र दोश्रो संविधानसभाको निर्वाचनमा काठमाडौं लगायतका केही स्थानमा त्यस्ता मेसिनको प्रयोगले निर्वाचन गरिएको थियो । विद्युतीय मेसिनवाट मतदान र मतगणना गर्दा २/४ घण्टामै मतगणना सकिएको थियो । संविधान सभाको उपनिर्वाचनमा वास्तुड जस्तो दुर्गम जिल्लामा पनि विद्युतीय मेसिनवाटै मतगणना भएको थियो । तर देशको सवैभन्दा ठूलो राजनीतिक दल कांग्रेसको महाधिवेशनमा गरिएको झण्झटिलो मतपत्र र मतगणना पद्धतिले कार्यकर्तामा निरासा छाएको छ । हुनपनि महाधिवेशन शुरु भएको दुइ साता हुन लाग्यो । मतगणना थालेको पनि एकासाठा बढी समयमा केन्द्रीय सदस्य तर्फको परिणाम आयो । यस्तो किन भयो ? के यो भन्दा छिटो गणना गर्न मिल्ने प्रविधि विकास गर्न नसकेर हो ? कि निर्वाचन आयोगले ल्याएको मेसिन वारेमा कांग्रेस अनविज्ञ भयो ? केन्द्रीय सदस्यका उमेदवारहरुले रोवोटवाट भोट मागेका थिए भने त्यही सदस्यको मतदान पानी राख्ने हिलट्यांकीमा भयो र मतगणना महिना दिनमा नसकिने गरेर चलेको छ । यसवाट सर्वसाधारणले के बुझ्छन् भने कांग्रिसले पुरानै पद्धतिलाई मात्र आत्मसाथ गरेको छ । नयां प्रविधि वारेमा एकपटक पनि छलफल समेत गरेको छैन । डिजिटल प्रविधि आइरहेको समयमा पनि यस्तो काम गर्दा जो सुकैलाइ पनि झण्झट लाग्नु स्वभाविकै हो । निर्वाचन आयोगका एक अधिकृतले पनि यो कामवारेमा टिप्पणी गरेको सामाजिक संजालमा भेटियो । तसर्थ नयाँ प्रविधिवारे किन उनीहरुले चासो देखाएनन् ? युवा पुस्ता आउन नदिने दाइ कांग्रेस प्रवृत्तिले कतै प्रविधिमा पनि जान नदिएको त होइन ? देशभरका सवै निर्वाचन क्षेत्रमा संसद र स्थानीय निकायको निर्वाचन समेत विद्युतीय मेसिनवाट गर्ने तयारी गर्नुपर्ने समयमा ठूलो दलको एक महिने लामो महाधिवेसनवाट देश आधुनिकतामा जान नसकेको पृष्ट देखिन्छ । त्यसोत अहिले कांग्रेसको महाधिवेशन भयो, कुनैवेला अन्य दलको पनि अधिवेशन हुनेछन् । त्यतिवेला उनीहरुले पनि अहिले आलोचना गरेर पुरानै प्रविधिमा गए भने लाजमर्नु हुनेछ । किनकी एमालेको महाधिवेशनमा पनि मतपत्र चोरिए, अलपत्र अवस्थामा मतपेटिका भेटियो भन्ने प्रतिक्रिया आएको थियो । समग्रमा दलका अगुवाले के बुझ्न जरुरी छ भने विश्वका घटना एक/दुई मिनेटमै जान्न सकिने परिवेशमा हाम्रो मतपरिणाम आउन एक महिना कुर्नुपर्ने अवस्था सिर्जना हुनुलाइ लज्जास्पद रुपमा लिनै पर्छ । अवका दिनमा यस्तो नहोस् भन्नका लागि दलहरुले प्रविधिमा ध्यान दिने र प्रयोग गर्न जान्ने बन्न पनि जरुरी छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र २ गते मंगलबार, तदनुसार मार्च ९५ सन् २०१६, श्रीशार्क १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षको सप्तमी तिथि अहोरात्र रहनेछ । आज सूर्य मीन राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ४७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १७ मिनेटमा जयदेव मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ११ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशावाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

वृष : आफ्नै पेशावाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

मिथुन : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आवर सत्कार पाइने उदाँसो सरिक हनु पाइनेछ ।

कर्कट : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जमिन विवाद पर्न सक्ने, चनाखो भई कार्य शुरु गर्नुहोला ।

सिंह : नयां मित्रसंग भेट, आर्थिक क्षेत्रवाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

कन्या : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

तुला : मिश्रहरूवाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वास्थ्य व्यञ्जन प्राप्त हुनेछ ।

वृश्चिक : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरू सकिय हुदै जान सक्नेछन्, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

धनु : स्वास्थ्यमा कर्मिक सुधार आउनेछ, साप्टो दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।

मकर : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

कुम्भ : पुरानो कार्यवाट आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

मीन : एक्कासि धन तथा जमिन लाभ पाइने, नयां कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८२६१४७३६९

गगनको राजनीतिक भविष्य

रोहित थापा

सफल राजनीतिज्ञसंग समयलाई चिनेर जोखिम मोल्न सक्ने क्षमता हुन्छ। उसैले परिवर्तनलाई नेतृत्व दिने अवसर पाउँछ र आफूलाई आफ्नो समयको नेता साबित गर्छ। खुलामञ्चमा कांग्रेस महाधिवेशन उद्घाटन कार्यक्रममा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले गिरिजाप्रसाद कोइरालाले मौलेको जोखिमको चर्चा गरेका थिए। कांग्रेसका तत्कालीन सभापति कोइरालेले माओवादीसंग वार्ता गर्ने तथा संविधानसभा र गणतन्त्रमा जानेजस्ता जोखिम उठाएका थिए। उनले ती संघीयता जाने जोखिम स्वीकार गरेका थिए।

यही जोखिम उठाउनाले नै इतिहासका तमाम दाजका बावजुद गिरिजाप्रसाद कोइराला शान्ति प्रक्रियाको नेताका रुपमा स्मरणीय र श्रद्धेय हुनपुगे प्रचण्डले आफ्नो पार्टीलाई हिंड्नाइरहेको बाटो बदलेर प्रतिस्पर्धात्मक राजनीतिमा आउने जोखिम मोलेका थिए। त्यो आफैमा सानो जोखिम थिएन।

१३ औं महाधिवेशनको मतदान सुरु हुनुअघि गगन थापाले भनेका थिए, 'मैले मेरो राजनीतिक जीवनको सवैभन्दा ठूलो जोखिम उठाएको छु' नेपाली कांग्रेसको १३ औं महाधिवेशनमा उनले महामन्त्रीमा उमेद्वारी दिने कुरा धेरैलाई 'शक' लागेको थियो। कतिपयले 'वार्गेनिङ्' को रुपमा अर्थ्याएका थिए। कुनै लेनदेनपछि गगन पछि हटलान भन्ने आकलन थियो। यो विश्लेषण स्वभाविक थियो। नेपाली कांग्रेसजस्तो 'म्याच्योर' पार्टीमा आफ्नो पिढीका कैयन प्रतिभाशाली नेताहरु नेतृत्वतहमा उम्मेदवारी दिने अठि नगरेर त्यतिकै 'बुझा' भएका छन् वा छार्यो पर्दै हराएर गएका छन्।

केही अपवाद जस्ले चुनौती स्वरूप उम्मेद्वारी दिए, उनीहरुले अपमानजनक मत मात्र पाएका छन्। चिरञ्जीवी वाग्ले, नरहरि आचार्य तथा भीमबहादुर तामाङ त्यस्तै उदाहरण हुन्।

यहीकारण हो कांग्रेसमा क्षमता भएका रामशरण महत, महेश आचार्य, शेखर कोइराला, पूर्णबहादुर खड्काजस्ता कैयन नेताले नेतृत्व तहमा आफ्नै बुतामा उठ्ने मन गरेनन् र केहीले तयारी गरेर पनि अन्तिम समयमा अठि गर्न सकेनन्। अन्तिममा आएर आफ्नो सपनालाई बैंड बनाएर कैयन वर्षदेखि केन्द्रीय सदस्यमा तर लडिरहेका छन्।

यही पृष्ठभूमिमा चालीस वर्षे गगन थापाले आफ्नै बुतामा महामन्त्रीमा दावी गर्नु चानचुने कुरा थिएन। गगनले महामन्त्रीमा उठ्न गरेको तयारीको धेरैपछि कृष्णप्रसाद सिटौलाले सभापतिमा उठ्ने तयारी थालेका हुन्। वर्षौदेखि जमेर बसेको कोइराला र देउवाको दुई बलियो धारका विरोधमा उभिन दुवैलाई एक-अर्कोको साथ चाहिएको, एक साथ उम्मेद्वारी घोषणा गरे, चुनाव लड्ने।

वीपी पुत्र शशांक र आफ्नै ससुरा अर्जुननरसिंहसंग उनले चुनाव हारे शशांक महामन्त्री बने।

गगनले चुनाव हारे तर राजनीति जिते। सवैभन्दा पहिले उनले ल्याएको मतसंख्या हेरौ। उनले ५८४ मत ल्याए, अर्थात् सदर मतको झन्डै २० प्रतिशत अधिल्लो महाधिवेशनमा दुई शक्तिशाली घटकविरुद्ध उठ्ने भीमबहादुर तामाङ र नरहरि आचार्यले क्रमशः ७८ र १५२ मत ल्याएका थिए अर्थात् मतको २५ प्रतिशत र ५ प्रतिशत।

यो मत गगनले वीपी वा गणेशमान वा सुवर्ण शम्शेरको पारिवारिक लिगेसी भनै ल्याएका हुन् उनले आफ्नो क्षमता, मेहेनतले त्यति मत ल्याएका हुन्। कार्यकर्तालेले उनमा सम्भावना देखेर त्यति मत दिएका हुन्। महाधिवेशनका हरेक पर्पच प्रतिनिधिमा एकले मत दिएको उम्मेदवारका नातासे गगन अब जवर्जस्त रुपमा कांग्रेस राजनीतिको केन्द्रमा आइपुगेका छन्।

उनको उम्मेदवारीले ल्याएको तरङ्गलाई अब कांग्रेसले बाइपास गर्न सक्ने छैन। पोखरी भै जमेको कांग्रेस राजनीतिको तलाउ बीचैमा उनले ढुंगा फालिदिए। यसले स-साना लहर सिर्जना गरेको छ। ९३ औं महाधिवेशन पछिको कांग्रेसमा ती तरङ्गको प्रभाव देखिने नै छ।

तरङ्ग एक, आफ्नालाई कांग्रेस हाँक्न समर्थ देख्ने युवा पुस्तालाई नेतृत्व दावी गर्न उत्साह मिलेको छ। कांग्रेसको कुनै पनि समितिको नेतृत्व लिन कपाल फुलुन्जेल किन पर्खिने? भन्ने प्रश्न तलतलसम्म पुगेको छ। एउटा अत्यन्तै ठूलो कांग्रेसी युवापंक्ति किर्कतव्यविमूढ छ अहिलेसम्म। विशेषगरी नेपाल विद्यार्थी संघले २०४६ सालपछि उत्पादन गरेका जोशिला र क्षमतावान युवा कार्यकर्ताहरुले पार्टीमा उपयुक्त स्पेश पाएका छैनन्। उनीहरुका लागि अब न नेविसंघ वा तरुण दलमा अल्झिरहनु उपयुक्त छ न त पार्टीमा ठाउँ छ। नेविसंघमा छोरा पुस्ताका युवा आइसके भने पार्टी वा पुस्ताकै कब्जामा छ। बीचमा रहेको यो पुस्तामा गगनको ऊर्जा सञ्चार भएको छ। यो पुस्ता अब नेतृत्व लिन जुर्मुराउने छ। ससुरा अर्जुननरसिंह केसी उठेकै पदका लागि उनले दिएको उम्मेदवारीको अर्थ यही हो। यदी यो पुस्ता अब पनि जुर्मुराएन भने धोत्रि छोरा पुस्तासे उनीहरुलाई 'ओभरटेक' गर्ने छ। मलाई लाग्छ, अर्को महाधिवेशनसम्ममा युवा मात्र होइन धेरै बुढालाई पनि नेतृत्वका लागि दावी गर्ने धेरथोर आँट बटुल्न सहज हुनेछ। तरङ्ग दुई, पारिवारिक लिगेसीलाई चुनौती। पारिवारिक 'लिगेसी' नवोकेका गगनले त्यही पदमा 'फाइट' गरे, जहाँ वीपीपुत्र शशांक थिए।

कोइराला परिवार बाहिरका शेरबहादुर देउवा पार्टी सभापति त भए तर कोइराला परिवारको उपयुक्त उत्तराधिकारी नभएको सौकोमा अर्को महाधिवेशनदेखि नै विरासत फितां गर्ने गरी कोइराला परिवारको अभ्यास सुरु भइसकेको छ। तर गगनको उम्मेद्वारीले यहाँ तरङ्ग सिर्जना गरेको छ। लोकतान्त्रिक परिपाटी अंगालिसके पछि परिवारको सेन्टिमेन्टमा नेतृत्वमा पुग्न सकिएला तर त्यो चुनौती रहित प्रतिस्पर्धा रहित नहुने प्रष्ट छ।

परिवारवादको सोच हाम्रो डिएनएमा हजारौं वर्षदेखि सदै आइरहेको छ। यो सामन्ती संस्कारबाट हाम्रो समाज त्यति अगाडि बढेकै छैन। राजतन्त्रको धड्डाझी हाम्रो चेतन, नभए अर्धचेतन मस्तिष्कमा छदैछ। त्यसैले गगनको यो जोखिमको प्रभाव अहिलेभन्दा धेरै भविष्यमा देखिनेछ। तरङ्ग तीन, गगनको उम्मेदवारी कांग्रेस रुपान्तरणको बहस सुरुवात हो। पञ्चायतकालीन सन्दर्भमा बनाइएको पार्टीको संरचना बदल्नुपर्ने विषयमा कांग्रेस पञ्चायतपछिको २६ वर्ष पुप बस्यो। कारण जेसुकै हुन् तर अहिलेसम्म कांग्रेसको संरचना बदल्नुपर्ने विषयमा यति बलियोगरी कसैले आवाज उठाउन सकेको थिएन। नरहरि आचार्यलगायतको प्रयासले कुनै प्रभाव सिर्जना गरिरहेको थिएन।

पञ्चायतकालको प्रतिबन्धित सन्दर्भमा नेताले भरपर्दो कार्यकर्ता चुन्ने र कार्यकर्ताले नेतृत्वलाई अनुमोदन गर्ने पद्धति बन्यो। यसले पार्टीलाई क्रियाशील सदस्यबीच सिमित गरिरहेको छ। तर नेपाली कांग्रेसको वर्तमान संरचना असान्दर्भिक भइसकेको महसुस गरिएन। यो संरचना बदल्न पर्ने आवश्यकता महसुस गरिएन। एकातिर संसदीय राजनीतिको अगुवा दावी गर्ने, आफूलाई 'मास बेस्ड' पार्टी भन्ने तर 'क्याडर बेस्ड' पार्टीको रुपमा सञ्चालित हुने विरोधाभाषमा कांग्रेस अल्झिरहयो। संसदीय राजनीतिमा पार्टीलाई 'मास बेस्ड' बनाउन् र पार्टीमा मतदाताको भूमिका बढाउनु आवश्यक छ।

कांग्रेस सञ्चालनमा आम मतदाताको प्रत्यक्ष सहभागिताको अवसर सिर्जना गर्न पार्टी सञ्चालनको पद्धति र संरचना बदल्ने जोखिम मोल्नु आवश्यक छ। गगनले यो आवश्यकता बोध गरे र पार्टीलाई 'मास बेस्ड' बनाउन प्रस्ताव गरे। यो महाधिवेशनले उनको प्रस्तावलाई सम्बोधन गरेन। तर यो हामीले अपनाएको राजनीतिक पद्धतिको आवश्यकता हो, जो कांग्रेसलाई पटकपटक बोध भइरहनेछ।

पार्टीको संगठानिक पुनर्संरचनाको यो प्रश्न युवा पिढीलाई कांग्रेस पार्टीले आफूतिर आकर्षित गर्ने र राजनीतिपति उनीहरुलाई उत्साहित गर्ने कुरा संग जोडिन्छ। म अहिले २६ वर्षको भए। मेरो पुस्ताका धेरै युवालाई अहिलेको राजनीतिप्रति विरक्ति छ। आम नागरिकको चासोभन्दा टाढा नेता र कार्यकर्तामुखी राजनीतिले युवालाई तान्न सकेको छैन।

यसको एउटा ठूलो प्रमाण नेपाली कांग्रेसको घटदो लोकप्रिय मत हो। २०५५ साल र २०८८ सालका दुवै आम निर्वाचनमा ३७ प्रतिशतभन्दा बढी मत ल्याएको कांग्रेसको 'पपुलर मत' अहिले २५ प्रतिशतको हाराहारीमा खुम्चिन थालेको छ। नयां थपिने मतदाताको चासो कांग्रेसतिर नभएपछि उसको पपुलर मत घट्ने नै भयो।

हो, अरु कुनै ठूलो पार्टीको पनि पपुलर मत बढेको छैन, चिन्ता यही हो। मेरो पुस्ताको मत ठूलो पार्टी छोडेर स-साना पार्टीहरुमा 'फ्यांगम्याण्टेड' हुन थालेको छ, त्यसले थप राजनीतिक अस्थिरता र निराशा बढाउनेछ।

अहिले नै मतदाताको ६० प्रतिशत १८/४० वर्ष उमेर समूहका छन्। यसको अर्थ उनीहरुले परिवर्तन खोज्छन्-पाउँछन्, प्रवृत्तिमा र राजनीतिक तौरतरिकामा। जुन पार्टीहरु बर्दाबैदनु र जुन पार्टीको नेतृत्वमा प्रतिभाशाली युवाहरु पुग्दैनन्, तिनको रबआजानीतिक भविष्य छैन।

त्यसैले सबै ठूला र पुराना पार्टीले युगअनुसार आफूलाई बदल्नै पर्छ। गगनले त्यो परिवर्तनको प्रस्ताव तयार पारिसकेका छन्। गगनको राजनीतिक भविष्य अब कसैका निगाहले निर्धारित गर्ने छैन। उनले त्यो प्रस्ताव कांग्रेसका आम कार्यकर्तामाझ कति लैजान सक्छन्, र उनीहरुलाई पार्टीको सुधार र परिवर्तनका लागि कति बुझाउन सक्छन् त्यसमा उनको र धेरै हदसम्म कांग्रेस पार्टीको पनि भविष्य निर्भर गर्छ।

स्रोत : सेतोपाटी डटकम

फिजिकल ट्रेनिङको कार्यालय उद्घाटन

गोल्डेन न्यूज संवाददाता
पोखरा १ चैत्र ।

नेपाल फिजिकल ट्रेनिङ एशोसिएशन नेपाल केन्द्रिय तथा क्षेत्रीय कार्यालय पोखराको संयुक्त कार्यालय पोखरा वुद्धचोकमा उद्घाटन गरिएको छ। एशोसिएशन का पुमुख संरक्षक रामवहादुर गुरुङले कार्यालयको उद्घाटन गरेका थिए । उक्त अवसरमा बोल्दै उनले कार्यालय संचालनमा आएपछि अब हरेक सदस्यहरुलाई आई पर्ने समयस्यको समाधान व्यवस्थित रुपले गर्न सकिने बताए। नयां कार्यालय सञ्चालनले सवै सदस्यहरुको मनोवल वढेको भन्दै स्वच्छ प्रतिस्पर्धा गरी अगाडि वढेमा सवैको व्यवसाय फस्टाउदै जाने वताए कार्यक्रममा एशोसिएशनका संरक्षक क्या.रामप्रसाद गुरुङले एशोसिएशनका सवै शाखाले राम्रो गतिविधि सञ्चालन गरेको भन्दै सवैलाई धन्यवाद दिए । समयको परिवर्तनसंगै आर्थिक सवलीकरणमा पनि ध्यान दिन सवैलाई उनले आग्रह गरे । कार्यक्रममा प्रशन क्षेत्रीय उपाध्यक्ष देवेन्द्र लिम्बुले एशोसिएशन का सवै सदस्यहरुको एकतामा जोड दिए। एशोसिएशनका केन्द्रीय अध्यक्ष मिनराज गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गोपाल राईले स्वागत र कार्यक्रम संचालन सचिव राजेश पाण्डेले गरेका थिए।

यसै बीच एशोसिएशनको केन्द्रिय समितिको पोखरामा सम्पन्न बैठकले वार्षिक कार्य योजनाको तर्जुमा गरेको अध्यक्ष मिनराज गुरुङले जानकारी दिए ।

बाटो निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा १ चैत्र ।

पोखरा उप-महानगरपालिका वडा नं. ५, सीमाना मार्गमा बाटो ढलान सम्पन्न भएको छ। ६० प्रतिशत जनसहभागिता र ४० प्रतिशत नगरपालिकाको सहकार्यमा बाटो निर्माण गरिएको थियो ।

निर्माण समितिको संयोजकमा टोल सुधार समितिका अध्यक्ष विश्वनाथ पौडेल रहेका थिए । निर्माणकार्य सम्भौता गरेको मिति भन्दा पहिले काम सम्पन्न भएकोमा टोलवासीहरूले खुसी व्यक्त गरेको समितिका सदस्य अन्तिम पौडेलले जानकारी दिए ।

टिचर चलचित्रको च्यारिटी शो

पोखरा १ चैत्र ।

गत वैशाख १२ गते गएको भूकम्पपीडित कास्कीका कास्कीकोट गाविसका पीडितको सहयोगार्थ टिचर चलचित्रको विशेष प्रशंदनी हुने भएको छ। विभिन्न कार्यक्रम मार्फत भूकम्प पीडितलाई सहयोग पर्दै आइरहेको लायन्स क्लब अफ पोखरा स्टारले आगामी चैत ६ गते शनिवार सन्देशमूलक चलचित्र टिचरको च्यारिटी सो गर्न लागेको हो । सो रकमबाट संकलित रकम कास्कीकोटमा भूकम्पवाट वही प्रभावित ३ जना परिवारको घर पूर्ननिर्माणमा लगाइने कवलका अध्यक्ष नारायण भण्डारीले बताए । च्यारिटी शो का लागि कलवले तयारी समेत शुरु गरेको छ । प्रदर्शनमा सहभागी भै मानवीय कार्यमा सहयोग गर्न समेत कलवले आग्रह गरेको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

यस संस्थाका खातावाला कास्की जिल्ला लामाचौर गा.वि.स वडा नं. ५ (हाल पो.उ.म.न.पा.१५) का कुलप्रसाद पौडेलकी श्रीमती हिरालक्ष्मी पौडेलको मिति २०७२/१०/२३ मा निधन भएकोले निजको नाममा यस संस्थाका रहेको बचत खातामा रहेको रकम भुक्तानी दिनु भनि मृतकको हकवाला छोरा श्री तेजेन्द्र प्रसाद पौडेलले निवेदन दिनुभएको हुँदा यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त रकममा निवेदन बाहेक अरु कसैको हकदावी लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सवुत प्रमाणसहित दावी गर्न आउनुहोला। उक्त म्याद भित्र दावी उजुर प्राप्त नभएमा मृतको नाममा यस संस्थाको खातामा रहेको रकम निवेदकको माग बमोजिम भुक्तानी दिईने व्होरा यसै सूचना माफत जानकारी गराईन्छ ।

तिशाल को-अपरेटिभ संस्था लिमिटेड
पोखरा-४, बुद्धिशाल बजार,फोन : ०६१-५३९८६६

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
सम्पर्क
९८२६५-०६६०२

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कगुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

राहदानी हरायो

मिति २०७२/१२/०१ गते पोखराको नयाँ बसपार्कबाट कास्की गौडाँडा जाने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : **नारायण प्रसाद शर्मा**
ठेगाना : हिकुरेपोखरी-२,कास्की
राहदानी.नं. : ०८९४७९९४
सम्पर्क : ९८२५१९३७१

राहदानी हरायो

मिति २०७२/११/२१ गते पोखराको महेन्द्रपुलबाट लामाचौर जाने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : **खुशिराम पुन**
ठेगाना : पोखरा-२,कास्की
राहदानी.नं. : ०८०९७९३१
सम्पर्क : ९८०४१९२१४६

तु:अवश्यकता

एकजना एकाउन्टेन्ट : २/१ जना
रिसेप्सनिष्ट (महिला) : ४ जना
मार्केटेरी टिचरस्(पुरुष) : २ जना
ओभाइल पसल/आईल रोहल्न (योग्यतामा ७ कक्षा पास)
फोर्सलीफ्टर ओपरेटर (योग्यतामा ७ कक्षा पास) : ३ जना
सहकारी स्टाफहरु : ३ जना
रफ्तारी वा लाईसेन्स नभएको लोडेड : १ जना
इच्छी स्पर्धालस्पर्धा पोखरामा बसि रुमपुर्ण कामको काम र कम्फार उपलब्ध गराउछौं ।
रोबटा ढकरहरेस्टी सुदर्शेक पोखरा
०६१-४२५४२०, ९८४७८, ९८४१५६५८७

प्रो. वद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कगुहोस् ।

(हामीकहाँ ३०० गाडी अटाउने पार्किङ्ड पनि छ ।)

ग्राण्ड होटलले ५० लाख लगानी थप्यो

गोल्डेन न्युज संवाददाता
पोखरा १ चैत्र ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) विदेश मन्त्री स्तरीय बैठकको लागि कार्यक्रम स्थल होटल पोखरा ग्राण्डका सबै रुम बुक भएका छन् । पाँच तारे होटलमा रहेका सबै कोठा सार्कका पाहुनाको लागि बुकिङ भएका छन् । होटलमा रहेका सबै हलमा बैठक तय भएका छन् ।

होटलको १० वटा स्वीट रुम र एक बजसय ३० वटा डिलक्स रुम बैठकमा सहभागीका लागि बुकिङ भएका हुन् । बैठकमा सहभागी हुने सार्क सदस्य मुलुकका विदेशमन्त्री, सांचिव, सह-सांचिव तथा राजदूतहरु सबै ग्राण्डमै स्नेछन् । सोमबारबाट सह-सांचिव स्तरीय कार्यक्रम समितिको बैठक सुरु भएपनि मंगलबारदेखि विहीवारसम्म अन्य कूटनैतिक पाहुना होटलमा रहने छैनन् । बैठकमा सहभागी पाहुनाको रोजाइ अनुसारको खानाको लागि छुट्टै मेनु पनि तयार गरिएको छ । होटलले यो बैठककै लागि झण्डै ५० लाख रुपैयाँ लगानी गरी सुविधा विस्तार गर्नुको साथै पूर्वाधार थप गरेको छ । यसअघि ८ वटा स्विट रुम रहेको होटलमा १० लाख खर्चिएर दुई वटा स्विट रुम थप गरिएको होटलका कम्पनी सक्रेटरी चिरञ्जीवी आचार्यले बताए । त्यस्तै होटलको गेट सहित पार्किङ क्षेत्रमा १५ लाख रुपैयाँ खर्चिएर पिच गरिएको छ । होटलको रंगरोगन सहित बैठक सञ्चालन हुने हलमा नयाँ कार्पेट बिच्छाइएको छ ।परराष्ट्र मन्त्रालयको सुझावको आधारमा एउटै रंग र कम्पनीको ९ वटा माइको र ९ वटा कार होटलमा तयार पारिएको छ ।

राजधानी बाहिर पहिलो पटक आयोजना गरिएको अन्तर्राष्ट्रिय बैठक आफ्नो होटलमा गर्न पाउदा निकै खुसी भएको आचार्यले बताए । बैठक तयारीका लागि अहिले गरिएको खर्चलाई बिजनेस प्रमोशनको रुपमा लिएको उनले बताए । स्रोतका अनुसार बैठकमा सहभागी हुन आएका पाहुनालाई सकेसम्म पोखराका धेरै पर्यटकीय स्थल घुमाउने तयारी छ ।

सुरुवाती...

विरेश रोप्ने, गेट बनाउने काम भए विमानस्थलदेखि कार्यक्रम स्थल पोखरा ग्राण्डसम्मको सडक फराकिलो बनाउने, साथिला भिलेज रिसोर्ट छिर्ने भित्री बाटोको मर्मत सहित स्वागत गेट र अन्य सजावटमा झण्डै २० लाख रुपैयाँ खर्च भएको पोखरा उप-महानगरपालिकाले जनाएको छ । छोटो समय भएकाले हतार-हतारमा पूर्वाधार निर्माण तथा अन्य तयारी गर्दा जोखिम मोलेर काम गर्नु पर्रेको उपमहानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीले बताए । 'यो बैठककै लागि भनेर केन्द्रबाट छुट्टै बजेट प्राप्त भएन, पोखरा उप-महानगरपालिकाले आफ्नै स्रोत र साधनबाट सम्पूर्ण तयारी पुरा गरेको छ,' उनले भने -'हामीले जोखिम लाई समेत मोलेर तयारी गरेका छौं।' पोखरा उप-महानगरपालिकाले विभिन्न चार वटा स्थानमा स्वागतद्वार राखेको छ भने पश्चिम महासंघ कास्की, पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ, पोखरा पर्यटन परिषद् लगायतका संस्थाले पनि छुट्टा छुट्टै स्वागतद्वार राखेका छन् । एउटा स्वागतद्वार निर्माण गर्न कम्तिमा पनि १५ हजार रुपैयाँ खर्च भएको अधिकारीले बताए ।

धादिङ समितिको भ्रमणटोली फर्कियो

गोल्डेन न्युज संवाददाता
पोखरा १ चैत्र ।

